# SUBJECT - NEPALI (2016-2017)
# CLASS- XII

**MAXIMUM MARKS : 100**

**TIME ALLOWED : 3 HOURS**

## खण्ड-एक

1. क. छन्दको अध्ययनमा लघु र गुरु छुट्याउनु पर्दा के-कस्ता नियमहरूको पालन गर्नुपर्छ? (2)

   ख. ''मै खाऊँ मै लाऊँ, सुख सयल या मोज म गरूँ, म बाँचूँ, मै नाचूँ अरू सब मरून् दुर्बलहरू।''

      i. उक्त पंक्ति कुन छन्दमा पर्दछ र सो छन्दमा कुन-कुन 'गण' रहेका हुन्छन्? (3)

      ii. छन्द शास्त्रको अर्को नाम के हो? (1)

   ग. अलङ्कार भन्नाले के बुझिन्छ? साहित्यमा यसको स्थान कस्तो रहेको हुन्छ? (3)

   घ. तल दिइएका मध्ये कुनै एक अलङ्कारको उदाहरणसहित परिचय दिनुहोस्।

      श्लेष. उपमा (3)

## खण्ड-दुइ

**(2) आफ्नो जीवनको लक्ष्य बताएर, भविष्यमा के गर्ने इच्छा छ सो व्यक्त गर्दै बाबुलाई एउटा पत्र लेख्नुहोस्।** (5)

**(3) तल दिएका मध्ये कुनै एक विषयमाथि २५० शब्दसम्मको रोचक निबन्ध लेख्नुहोस्।** (10)

(i) समाचार पत्रको महत्त्व

(ii) सूचना अधिकार ऐन२००५

## खण्ड-तीन

(4) क. रने माझीको व्यक्तिगत जीवन कस्तो थियो? आउँदो भविष्यका निम्ति रनेले कस्ता सपनाहरू साँचेको थियो संक्षेपमा लेख्नुहोस्। (5)

ख. 'रूपको मूल्य' कथामा कथाकारले मानिसको कुन रूपलाई विशेष महत्त्व दिएका छन्? पाठको आधारमा पुष्टि गर्नुहोस्। (5)

ग. विश्वमा छाएको शोषण र सामन्ती व्यवस्थालाई 'कुखुरी काँ' कथाले कसरी व्यंग्य कसेको छ?(5)

(5) क. 'प्यारो सपना'-का निबन्धकारले सपनालाई प्यारो ठान्नको पछाड़ि के-कस्ता कारणहरू छन्? लेख्नुहोस् (4)

ख. 'हाइ-हाइ अङ्ग्रेजी' निबन्धमा लक्ष्मी प्रसाद देवकोटाको आफ्नो भाषा साहित्यप्रतिको झुकाउलाई कसरी देख्न सकिन्छ? (3)

ग. 'समाधानको खोजी' पाठ पढ़ेर तपाईंले के बुझ्नुभयो? पाठको आधारमा 'समाधान' शब्दको अर्थ स्पष्ट पार्नुहोस्। (3)

(6) **क. सप्रसङ्ग व्याख्या गर्नुहोस्** (5)

''भीष्म सन्तापले पूर्ण शकुनी-ध्वनि संकुल
कृष्ण-कादम्बरी-शून्य जुवा झैं छ नमस्तल।''

**अथवा**

''प्रत्येक पुष्पको रूप रेखा रङ्ग अनेक छ
तर सौन्दर्यको ज्योति उनमा भित्र एक छ।''

**ख. ''लड़ाउँदै मुढ़ा-ढुङ्गा खहरे गड्गड़ाउँछ
छोटो मानिस मौकामा ज्यादा जोश बढ़ाउँछ।''**

i. उक्त पंक्ति कुन ऋतुबाट निकालिएको हो र यसका कवि को हुन्? (2)

ii. माथिको पंक्ति कुन छन्दमा पर्दछ? (1)

iii. उक्त भनाइको अर्थ खुलस्त पार्नुहोस्? (2)

(7) क. 'नाटक' शब्दको उत्पत्ति कसरी भएको हो? (2)

ख. प्रारम्भिक कालका नाटकहरूको मूल उद्देश्य के थियो? (2)

ग. 'दान-योगदान' नाटकमा पर्दाभित्र कस्तो कला लुकेको थियो? पात्राले के-कस्ता पुरस्कारहरू पाएकी थिई? (3)

घ. नितिशाको लेखनी तहस्-नहस् पारिदिंदा उसले कस्तो उत्तर दिएकी थिई?

**अथवा**

बन्दिनीको वास्तविक नाम के हो? उनलाई किन बन्दी बनाइएको थियो? (3)

(8) क. मनले चाहेर पनि किन चैनधोज सरदारले जसेलाई आफ्नो घरमा राख्न सकेनन्? (3)

ख. ''छिःत्यो सब बिर्स। हुने कुरा भएर छाड्दो रहेछ बित्थामा गइसकेको कुरा किन कोट्याउनु? मलाई माथि हाइसुख छ, यहाँ कमानमा कमारो भएर जोतिए जस्तो छैन।''

i. उक्त कुरा कसले कसलाई कुन प्रसङ्गमा भनेको हो? (3)

ii. माथिका वाक्यमा कुन कुरालाई 'बिर्स' भनेर भनिएको हो? (1)

iii. उक्त पंक्तिमा 'माथि' शब्दले कुन स्थान बुझाएको छ? (1)

ग. मालिनीले जसेसितै विवाह गर्नका पछाडि कस्ता कारणहरू थिए? (2)

(9) क. लेखनाथ पौड्यालको जन्म कहाँ र कहिले भएको थियो? साहित्यको कुन विधामा उनले ख्याति प्राप्त गरे? (4)

ख. रामकृष्ण शर्माको परिचय दिँदै उनका कुनै चारवटा साहित्यिक कृतिहरूको नाम लेख्नुहोस्। (4)

(10) क. सर्वप्राचीन रूपबाट विकास हुँदै आएको नेपाली भाषाले आज कसरी व्यापकतालाई अङ्गालेको छ? संक्षिप्त रूपमा लेख्नुहोस्। (3)

ख. नेपाली भाषाका अरू पुराना नामहरू के-के हुन्? (2)

ग. नेपाली उपन्यास जगत्मा देखापरेका कुनै तीनजना उपन्यासकारहरूको नाम दिँदै उनीहरूका एक-एकवटा उपन्यासको नाम लेख्नुहोस्। (3)

घ. राणाकालमा किन नेपाली उपन्यासले फस्टाउने मौका पाएन? (2)

**शुभकामना**